# बैंक तथा वित्तीय संस्था परिसंघ नेपाल

Confederation of Banks and Financial Institutions Nepal
(CBFIN)

मिति : २०८०/०७/१०

## एभरेष्ट बैंक लिमिटेडका आदरणीय अध्यक्ष विष्णुकृष्ण श्रेष्ठको दु:खद निधनमा जारी

# प्रेस विज्ञप्ती

नेपालको बैंकिङ क्षेत्रका अग्रज व्यक्तित्व एवं प्रतिष्ठित एभरेष्ट बैंकका संस्थापक एवं अध्यक्ष विष्णुकृष्ण (बिके) श्रेष्ठको ९४ वर्षको उमेरमा यही मिति २०८० कात्तिक ६ गते, मेडिसिटी अस्पतालमा उपचारको क्रममा भएको अकल्पनीय एवं दु:खद निधनले यस बैंक तथा वित्तीय संस्था परिसंघ नेपाल (सिबिफिन) परिवार स्तब्ध एवं मर्माहत भएको छ । उहाँको अवसानले नेपालको बैंकिङ क्षेत्रमा अपुरणीय क्षति पुगेको हामीले महसुश गरेका छौं ।

कुशल नेतृत्व क्षमता, नविन एवं दुरदर्शी सोचहरुलाई नेपालको बैंकिङ क्षेत्रमा लागू गर्दै आउनुभएका श्रेष्ठको निरन्तरको योगदानबाट एभरेष्ट बैंक दिगो, अब्बल र विश्वासिलो बैंककोरुपमा स्थापित हुन सफल भएको छ । भारतीय पञ्जाव नेशनल बैंकलाई ज्वाइन भेञ्चरकोरुपमा नेपालमा प्रथमपटक सफलपूर्वक भित्र्याउनु भएका श्रेष्ठको उक्त पहलले बैंकलाई थप उचाइँ समेत प्रदान गरेको छ ।

नेपालको बैंकिङ क्षेत्रमा उहाँले पुऱ्याउनुभएका अमूल्य योगदानहरुप्रति हामी खुला हृदयले उच्च सम्मान व्यक्त गर्दछौं । उहाँका युगान्तकारी कर्म र पहलहरु नेपालको बैंकिङ इतिहासमा स्वर्णिम अक्षरमा दर्ज हुनेमा हामी पूर्ण विश्वस्त छौं । जीवनको अन्तिम समयसम्म पनि गुणस्तरीय, विश्वासिलो र सर्वसुलभ बैंकिङ सेवाको विकास एवं विस्तारमा क्रियाशिल रहनुभएका श्रेष्ठका उदाहरणीय कार्यहरु हामी सबैका लागि उत्प्रेरणा र ऊर्जाको स्रोत बनिरहने छन् ।

यस दु:खद घडिमा दिवंगत आत्माको चीरशान्तिको कामनासहित भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछौं । अभिभावकत्व गुमाई दु:खद क्षणमा रहनुभएका परिवार, आफन्त र एभरेष्ट बैंक परिवारप्रति गहिरो समवेदना व्यक्त गर्दछौं ।

सचिव
सिबिफिन कार्यसमिति

CBFIN Secretariat
CTC Mall, 9th Floor Sundhara, Kathmandu, Nepal,
Phone No.: 977-01-5354552, E-mail: cbfinepal@gmail.com, Website: www.cbfinepal.com